अर्जुनधारा नगरपालिकाको मिति–२०७६–३–१० देखि मिति २०७६–३–२६ सम्म संचालन भएको पांचौ नगरसभाबाट निम्न विषयहरुलाई छलफल सहित विशेष प्रस्तावको रुपमा पारित गरिएको छ ।

१,सार्वजनिक खरीद ऐन ,२०६४ को सम्वन्धमा

उक्त सम्वन्धमा स्थानीय सरकार संचालन ऐन ,२०७४ को दफा ७४ को उपदफा २ वमोजिम सार्वजनिक खरीदका लागि संघीय सार्वजनिक खरीद ऐनको अधिनमा रही गाउं —नगरपालिकाहरुले सार्वजनिक खरीद नियामवली निर्माण गरी लागु गर्न सक्ने प्रावधान रहेकोले यस अर्जुनधारा नगरपालिकाले समेत आफ्नै सार्वजनिक खरीद नियमावली निर्माण गरी लागु गरिनेछ । तर सार्वजनिक खरीद नियमावली निर्माण भई लागु नभएसम्मका लागि भने संघीय सार्वजनिक खरीद नियामवली ,२०६५ लाई नै निरन्तरता दिइनेछ ।

२,सडकहरुको नामांकन र सीमांकन सम्वन्धमा –

यस अर्जुनधारा नगरपालिका क्षेत्रभित्र नगरले तोकेको मापदण्ड अनुरुप निर्माण गरीएको वा गर्न लागिएका सडकहरुको नामांकन गरी त्यसको सीमा निर्धारण गर्दै सडक सम्पतिको रुपमा व्यवस्थित गरी त्यसको सम्वर्द्धन र संरक्षण गर्न सम्वन्धित सबै वडाहरुले आफ्नो क्षेत्रमा रहेका सडकहरुको व्यवस्थित लगत तयार गर्ने र सोही अनुरुप सडक सम्पतिको सुरक्षा हुने वा गर्ने गरी आम रुपमा सूचना जारी गरी आवश्यक कार्वाहीको प्रक्रिया अगाडी वढाइनेछ ।साथै निम्न सडकहरुलाई निम्नानुसार नामाकरण गरिनेछ ।

- ✓ भद्रपुर देखि विर्तामोड शनिश्चरे हुदै सुखानी राजद्धवाली र इलामसम्म जाने सडक – सहिद सुखानी स्मृती मार्ग
- ✓ कालिभ्गोडा सालवाडी शनिश्चरे रातेखाल हुदै दहीभ्गोडा जाने सडक –मदन आश्रित स्मृती मार्ग
- ✓ नगरपालिका अन्तरगत निर्माण हुने बाहिरी चक्रपथ-पुष्पलाल वि.पि.स्मृती मार्ग
- ✓ चारपाने नारायणचोक हात्तीकिल्ला हुदै जयपुर जोड्ने सडक–जलेश्वर मार्ग
- ✓ लक्ष्मीपुर देखि साधुटार माटेसम्म जाने मार्ग –सहिद राजन गिरी मार्ग

३,नदी नियन्त्रण तथा व्यवस्थापन सम्वन्धमा –

यस नगरपालिका भित्र रहेका नदीहरुलाई नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि निम्नानुसारको नीति अवलम्वन गर्न गरिनेछ ।

क, सवै नदीहरुको – River bed वहाव क्षेत्रको निर्धारण गर्ने ।

ख, वहाव क्षेत्रको River bed को दुवै किनारामा रहेका कम्तीमा पच्चीस मिटर वरावरको क्षेत्रमा खनजोत गर्न नपाइने ।

ग, सम्वन्धित नदी किनाराको दुवै भागमा जनताको तटबन्धन कार्यक्रमले २० मी वृक्षारोपण गर्ने नीति रहेकामा उक्त निर्णयलाई व्यवस्थित गरी ५ मी को सडक निर्माण गर्ने गरी दुवै किनारामा २५ मी का दरले नदी नियन्त्रणका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने । र सोका लागि नगर कार्यपालिकाले आवश्यक कार्यविधि तयार गर्ने ।

घ, हरीत क्षेत्रमा ( Green belt) मा लगाइएका वन जंगल र अन्य आयमूलक फलफूलवाट हुने आयलाई व्यक्तिको स्वामित्वमा रहेको जमिन भए सो आम्दानी सम्वन्धित जग्गाधनीले नगरपालिकाले तोकेको नियमभित्र रही भोगचलन गर्न पाउने ।त्यसका लागि कार्यपालिकाले सम्बन्धित सरोकारवालाहरुसँग छलफल गरी कार्यविधि बनाई व्यवस्थापन गर्ने ।

हरी कुमार राना मगर
नगर प्रमुख

ङ,नदीजन्य खनिज उत्खनन गर्दा ( IEE ) वातावरणीय अध्ययन वाट तय गरीएको क्षेत्र र मापदण्ड अनुरुप मात्र उत्खनन गर्ने ।

च,नदीको खनिज ,जलसंसाधन र नदीवाट हुने सिंचाई कार्य एवं औद्योगिक व्यवसायलाई वातावरणीय सन्तुलन कायम गर्दै उचित प्रयोगको व्यवस्थापन गर्ने ।

छ, नदीजन्य पदार्थहरुको उत्खनन निषेध गरीएको अवस्था र समयमा यदि कहीं कतैबाट सो को उल्घंन भए निम्नानुसारको व्यवस्था गरिनेछ –

- यदि यस्तो कार्य पहिलो पटक भएमा नीजले प्रयोग गरेको प्रति साधन ( Per Machine )रु १०००० । जरीवाना लाग्ने छ र नीजको साधनलाई २४ घण्टा नियन्त्रणमा राख्ने ।
- यदि सोही कार्य दोहोरीएमा नीजका साधन–साधनहरु ७ दिनसम्म नियन्त्रणमा लिई प्रतिसवारी साधन रु २०००० । का दरले जरीवाना गरीनेछ ,
- यदि कसैले सोही कार्य २ पटक भन्दा वढी गरेको खण्डमा नीजको साधन निषेधित अवधिभरी सम्पुर्ण कब्जामा लिई रु ३०००० ।न्युनतम जरीवाना गर्ने ।
- यसरी कब्जामा लिइएका साधनहरुवाट प्राप्त नदीजन्य पदार्थ नगरपालिकाले कब्जा गर्ने ।

ज,नदीजन्य पदार्थबाट प्राप्त हुने आयस्रोतलाई निम्मानुसारको प्रतिशतको आधारमा खर्चिनेछ ।

- नदीनियन्त्रण कार्यमा १४ प्रतिशत
- विरीङ नदीको हकमा ( Check Dam) चेक ड्याम निर्माण गर्न १४ प्रतिशत
- नदी किनारका सडकहरुलाई निर्माण र संभारका लागि १० प्रतिशत
- नदीजन्य खनिज कार्यमा संलग्न सूचिकृत र आधिकारीक मजदूर र जग्गाधनीहरुको हित र भलाईका लागि १० प्रतिशत लागनी गरीनेछ तर नगरपालिकामा सूचिकृत हुन आउने मजदुरहरु नेपाल सरकारको आधिकारीक रुपमा दर्ता भएको मजदुर संगठनहरुवाट प्रमाणित भई आउनुपर्नेछ ।
- अन्य आकस्मिक भैपरी आउने र कार्यक्रम संचालन अनुगमन र व्यवस्थापनमा हुने खर्च २ प्रतिशत
- वांकी रहेको ५० प्रतिशत रकम नगरका पूर्वाधारसंग सम्वन्धित सडक निर्माण कार्यमा लगानी गर्नेछ ।

झ,कशर उद्योगहरुको सन्दर्भमा –

१. यस नगर क्षेत्रभित्र संचालित कशर उद्योगहरुले हरेक वर्षको जेष्ठ मसान्त भित्रमा संचित गरेको नदीजन्य पदार्थहरुको लगत असार महिनाको ७ गतेभित्रमा नगरपालिकामा अनिवार्य वुझाउन पर्नेछ ।सो को प्रमाणित लगत प्रमाणपत्र नगरपालिकाले उपलब्ध गराउनेछ ।

२.स्टक प्रमाणित गर्न बाँकी रहेको खनिज सामाग्रीको दर्ता वाला वा निवेदक बमोजिमको स्टक प्रमाणित श्रावण दोश्रो हप्ता देखि भाद्रको पहिलो हप्ता भित्रमा नगरपालिकाले गर्ने ।अन्यथा पाइएमा जफत समेत गर्ने ।

४,नगरपालिकाले वहालमा लगाएका घर,टहरा,पसल र जमिनको सम्वन्धमा –

लामो समयदेखि यस नगरपालिकाले वहालमा लगाएका घर,टहरा ,पसल र जमिनहरुको वहाललाई व्यवस्थित र समयानुकुल वनाउन निम्नानुसारको नीति अवलम्वन गरिनेछ ।

- घर,टहरा र पसलहरुको वहाललाई सामयिक वनाई न्यूनतम निश्चित समयसम्मको भांडा दर तय गर्ने ।महिना भित्रै भाडा बुझाएमा २० प्रतिशत छुट गर्ने ।
- निश्चित अवधिको समाप्ति पछि प्रति वर्ष न्युनतम १० प्रतिशतले भांडा मूल्य वृद्धि गर्ने वा बढावढको वोलकवोल अनुरुप वहाल निश्चित गर्ने ।
- यदि कुनै वहालवालाले सम्झौता गरेअनुरुपको बहाल महिना कटेको ३ महिना सम्म निर्धारित भाडादर मै,३ महिना पछि ६ महिना सम्म बहाल नतिरे १० प्रतिशत जरिवना लगाउने र सो अवधि समेत व्यतित गरेमा २५ प्रतिशत जरिवाना लगाउने ।१ वर्ष सम्म बहाल नतिर्ने व्यापारीको भाडा निजबाट असुल उपर गरी वा धरौटीबाट कट्टा गरी सम्झौता भंग गर्ने ।

५,अर्जुनधारा नगरपालिकाको शनिश्चरे वजारको ठेक्का कर सम्वन्धमा –

उक्त सम्वन्धमा यस नगरपालिकाले शनिश्चरे वजारलाई व्यवस्थित गर्दै सुन्दर नगर निर्माण गर्ने क्रममा ११ हप्ता जति वजार वन्द भई संचालन नभएकोले सम्वन्धित ठेकेदारहरुले माग गरेवमोजिम साप्ताहिक रु ४८०० ।का दरले हुन आउने रु ५२८८४ र ठेक्केदारले पेश्की भुक्तानी दिएवापतको २० प्रतिशत हुन आउने रु २११५। वरावरको रकम कट्टा गरी नीजहरुवाट पेश्की भुक्तानी भएको भएको रकमवाट रु ५०७६८ ।भुक्तानी गरिनेछ ।

५,यातायात संचालन सम्वन्धमा –

यस नगरपालिका भित्र रहेका सडकहरुमा यातायात संचालन गर्दा ,विशेष गरी विद्यालय रहेका सडकहरुमा विहान ९ वजेर १५ मिनेट देखि १० वजेर १५ मिनेट सम्म, वेलुकी ३ वजेर १५ मिनेट देखि ४ वजेर १५ मिनेट सम्म कुनै पनि मालवाहक ठूला तथा मझौला सवारी साधनहरु चलाउन पाइने छैन ।यदि कसैले यसको विपरित कार्य गरेमा प्रत्येक सवारी साधनवाट न्युनतम रु १००० । का दरले जरीवाना गरीनेछ ।

- सोही कार्य दोहोरीएमा रु ५००० ।जरीवाना लाग्नेछ र सो भन्दा बढी भएमा प्रत्येक पटक रु १०००० ।सम्म न्युनतम जरीवाना लाग्नेछ ।

६,करार नियुक्तिका सम्वन्धमा –

यस नगरपालिकाको कार्यालयहरु अन्तरगत स्थायी प्रकृतिको काममा ज्यालादारीमा खटेका कर्मचारीहरुलाई ज्यालादारी गरेको अवधि १ वर्ष पुरा भएको भए नीजहरुको योग्यता,कार्य मूल्यांकन ,क्षमता र कियाशिलता एवं नगरपालिकाको आवश्यकताको आधारमा करारमा नियुक्ति गरीदिन वाञ्छनीय देखिएकोले सोही अनुरुप व्यवस्था गरिनेछ ।

७,नगर प्रहरीहरुको नियुक्ति सम्वन्धमा–

यस अर्जुनधारा नगरपालिका भित्र लागु गरीएका ऐन ,नियम ,कानुन र नीतिलाई व्यवस्थित कार्यान्वियनका निम्ति कतिपय सन्दर्भमा सुरक्षा प्रशासनको पनि आवश्यकता देखिएकोले सो प्रयोजनका निम्ति यस नगरपालिकाले आवश्यकता अनुरुप आफ्नो सुरक्षा कर्मीको रुपमा नगर प्रहरीको नियुक्ति गर्न आवश्यक देखिएकोले आवश्यक प्रकिया पुरा गरी नगर प्रहरीको गरिनेछ ।

८,पुराना घरहरुको नक्सा लगत कायम गर्ने सम्वन्धमा –

उक्त सम्वन्धमा यस नगरपालिका क्षेत्रभित्र २०७२ सालभन्दा अघि निर्माण गरीएका भवनहरुको लगत अध्यावधिक गर्न ,तत्कालीन अवस्थामा घर नक्सा पास गरी निर्माण गरीएको न्युनतम प्रमाण सम्वन्धित पक्षले जुटाउन

सके सोही प्रमाणलाई आधार मानि लगत कायम गर्नुपर्ने छ ।तर भवन निर्माण गर्दा भवन निर्माण सम्वन्धी आधारभूत मार्गदर्शन (२०७२ का मूख्य विशेषताहरु )जारी भएपछि थप निर्माण कार्य भएको भए प्रचलित दररेटका आधारमा नियममा व्यवस्था भएवमोजिम थप भए वरावरको राजस्व असुली लगत कायम गरिनेछ ।

९,वजार व्यावस्थापन सम्वन्धमा –

यस नगरपालिका क्षेत्र भित्र संस्थाहरुको स्वामित्वमा रहेका भू–भागहरुमा संचालित भईरहेका वा हुने वजारलाई व्यवस्थित गर्न निम्नानुसार गरिनेछ –

- सम्वन्धित संस्था र नगरपालिका बीचमा सम्झौता हुनुपर्ने
- वजार संचालन भए वापत सम्वन्धित संस्थालाई वार्षिक रुपमा वुझाउने गरी वहाल किटान गर्नुपर्ने
- उक्त वजारको उचित व्यावस्थापन र संचालनका लागि नगरपालिकाले आधिकारीक रुपमा नगरप्रति उत्तरदायी रहने गरी वजार व्यावस्थापन समिति निर्माण गर्नुपर्ने
- उक्त वजार भित्र व्यक्तिगत तवरले स्थायी वसोवास गर्नेगरी कुनैपनि संरचना निर्माण गर्न नपाइने
- यदि कसैले व्यक्तिगत रुपमा कुनै संरचना निर्माण गरी वसोवास समेत गरीआएको भए निश्चित अविधि तोकेर सो लाई हटाउनु पर्ने
- यो प्रस्ताव लागु हुनुभन्दा अगावै कसैले त्यस्तो संरचना निर्माण गरेको भए सम्वन्धित व्यक्तिले प्रयोग गरेको जमिनको मासिक रुपमा वहाल वुझाउने गरी सो संरचनालाई वजार व्यापारमा मात्र प्रयोग गर्ने व्यवस्था गरीनु पर्दछ वा नीजले आफ्नो संरचना हटाउन चाहेमा नगरपालिकाले् न्युनतमा राहतको व्यवस्था गरी हटाउन सहयोग पुर्याउनु पर्नेछ ।
- सो वजारमा कारोवार गर्ने सवै सम्वन्धित व्यापारीहरु नगरपालिकामा सूचिकृत हुनुपर्नेछ ।
- उक्त वजारवाट लिइने व्यापार कर,विटौरी कर र पसल वहालहरु नगरपालिकाले तोके वमोजिम हुनुपर्नेछ ।
- यस कार्यलाई थप परीष्कृत र सरल बनाउनका लागि नगर कार्यपालिकाले थप कार्यविधि बनाई लागु गर्नसक्नेछ ।
- सम्वन्धित बजारको विस्तार र विकासको निम्ति गरीनुपर्ने सम्पूर्ण कार्यहरुप्रति नगरपालिका स्वयं जिम्मेवार हुनपर्नेछ ।

१०,कर्मचारी प्रोत्साहन  सम्वन्धमा –

यस नगरपालिकाको कामलाई सुव्यवस्थित गर्न ,सहज ,सरल,सुलभ र छिटो छरीतो वनाउदै यसको विकास र समृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने यस नगरपालिका अन्तरगतका कर्मचारीहरुलाई अझ वढी लगनशील,उत्साहीत र जिम्मेवार हुन प्रोत्साहित गर्नका लागि तपशील वमोजिमका कार्यहरु गरिनेछ ।

- यस तहमा कार्यरत सवै कर्मचारीहरुको मासिक रुपमा निर्वाह गर्नुपर्ने कामको न्युनतम घनत्व तथा विवरण  परीभाषित गर्ने ।
- यस तह अन्तरगतको सबै शाखाहरुले आफ्नो शाखाको मासिक कामको घनत्व तथा कामको विवरण किटान गर्ने ।
- यस तह मातहतका कर्मचारीहरुले मासिक रुपमा आफुले सम्पन्न गरेको काम र त्यसवाट प्राप्त प्रतिफल प्रतिवेदन आफ्ना शाखाप्रमूखहरुलाई अनिवार्य वुझाउने ।
- शाखा प्रमूखहरुले आफुले सम्पादन गरेको काम र सिंगो शाखाको काम सहित त्यसवाट प्राप्त प्रतिफल सहितको प्रतिवेदन मासिक रुपमा अनिवार्य रुपमा प्रमुख प्रशासकीय अधिकृतलाई वुझाउने ।

- वडा कार्यालयहरुको हकमा वडा सचिवले सबै सम्पादन गरेको काम र त्यसवाट प्राप्त प्रतिफल मासिक रुपमा वडाध्यक्षलाई वुझाउने र सो प्रतिवेदन माथि वडा वैठक वसी सम्वन्धित वडाको राय सहित वडा कार्यालयले प्रमुख प्रशासकीय अधिकृतलाई वुझाउने ।
- प्रमुख प्रशासकीय अधिकृतले आफुले सम्पादन गरेको काम र सिंगो नगरको कामको प्रतिफल सहितको प्रतिवेदन नगर प्रमुखलाई वुझाउनु पर्नेछ ।
- प्रशासकीय अधिकृत मार्फत नगर प्रमुख संग पेश गर्नु पर्नेछ ।प्राप्त भएको प्रतिवेदनलाई विश्लेषण र मूल्यांकन गरी त्यसको प्रतिफल सहित आवश्यकता अनुसार बोर्डबाट सार्वजनिक गर्ने ।

  यसरी प्राप्त प्रतिफलका निम्ति विशेष श्रम ,सीप र योगदान पुर्याउने कर्मचारीलाई विशेष प्रोत्साहनको व्यवस्था मिलाउने ।कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप प्रदान गरीने सम्मान तथा भत्ता लागि निम्नानुसारका मापदण्डहरुलाई अवलम्वन गरीनुपर्नेछ ।
  - नीजले सम्पादन गर्ने न्युनतम तोकिएको कामको घनत्व पुरा गरेको वा नगरेको
  - नीजले सम्पादन गरेको कामवाट प्राप्त प्रतिफलको अवस्था
  - आन्तरीक कार्यसम्पादन मूल्यांकन फारम वाट प्राप्त मानांक
  - तहले तय गरेको निर्देशित अवधिभन्दा वढी वसेर काम गरेको अवस्था र त्यसको समयअवधि
  - परीभाषित जिम्मेवारी भन्दा पृथक र सम्वन्धित शाखाको कार्यभन्दा वाहिरको काम गरेको अवस्था
  - नीजको लगनशीलता,कार्यकुशलता ,इमान्दारीता र कार्यशैली

उल्लेखीत मापदण्डहरु माथि आधारीत हुदै निम्नानुसारको मासिक प्रोत्साहन भत्ता उपलव्ध गराउने व्यवस्था मिलाईनेछ –

- अधिकृतस्तर कर्मचारीलाई आधारभूत तलवको १० प्रतिशत भन्दा नवढ्ने गरी
- सहायक तथा सहयोगि स्तरको लागि आधारभुत तलवको १५ प्रतिशत भन्दा नवढ्ने गरी ।
- यो व्यवस्था कर्मचारी प्रोत्साहन तथा फिल्ड भत्ता कार्यविधि २०७६ अनुसार लागु हुनेछ ।
- माथि जेसुकै लेखिएको भएपनि मासिक रुपमा ३ वटा भन्दा बढी अनुगमन/दैनिक भ्रमण भत्ता प्राप्त गर्ने को हकमा यो सुविधा लागु हुने छैन ।

११,संगठन संरचना संशोधन सम्वन्धमा–

विगत चौथो साधारण सभाले संघीय सरकार समक्ष यस नगरको संरचना तथा व्यावस्थापन (O&M) गरी संरचना निर्माण गर्न निर्णय गरी अनुरोध गरेकोमा हाल सम्म सो कार्य हुन नसकेकोले सो कार्यको सर्वे भई तोकिएवमोजिम हुन भन्दा पहिले यस नगरपालिकाको संरचनालाई व्यवस्थित वनाउन हाल भएका संरचनामा केही संशोधन गर्नुपर्ने आवश्यकता देखएकोले १ महिना भित्रमा संरचना तयार गरी लागू गर्न नगर कार्यपालिकालाई अख्तियारी दिने निर्णय गरिन्छ ।

हरी कुमार राना मगर
नगर प्रमुख

यस नगरपालिकाको उत्तरोत्तर विकास र समृद्धीसंगै नगरवासीहरुको सुखी जीवनका लागि आ-आफ्नो क्षेत्रबाट यस नगरपालिकालाई अमूल्य सुझाव ,सर-सहयोग र योगदान दिने सबैमा यो नगरसभा धन्यवाद सहित हार्दिक कृतज्ञता व्यक्त गर्दछ ।

विशेष प्रस्ताव तयारी समिति-

१,संयोजक-श्री कुन्दन भट्राई
२,सदस्य-श्री माधव आचार्य
३,सदस्य-श्री सीताराम भट्राई
४,सदस्य-श्री खड्गमाया पराजुली
५,सदस्य-श्री शुसिला सुवेदी

हरी कुमार राना मगर
नगर प्रमुख